विश्वविद्यालय अनुदान आयोग
शैक्षिक गुणस्तर सुनिश्चितता तथा प्रत्यायन परिषद्
सानोठिमी, भक्तपूर, नेपाल ।
सूचना प्रकाशन मिति :२०८३/०५/१५

**गुणस्तर अभिवृद्धि (Quality Enhancement) कार्यक्रमको लागि आवेदन गर्ने सम्बन्धमा ।**

विश्वविद्यालय अनुदान आयोग अन्तर्गत सञ्चालित उच्च शिक्षामा विशिष्टताको प्रवर्द्धन कार्यक्रम (Nurturing Excellence in Higher Education Program, NEHEP) को Result Area २ अन्तर्गत Sub Result Area २.१ - गुणस्तर अभिवृद्धि (Quality Enhancement) Sub Result Area कार्यक्रममा सहभागिताको लागि देहाय बमोजिम योग्यता पूरा भएका उच्च शैक्षिक संस्थाहरुबाट आवेदन माग गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि अनुरोध छ । यस्तो आवेदन २०८३ असोज ३० गते शुक्रवार कार्यालय समय (अपरान्ह ५.०० बजे) भित्र इमेल वा भौतिक उपस्थितिमा आवश्यक सम्पूर्ण कागजात सहित आयोगमा पेश गरिसक्नुपर्नेछ ।

आवेदनका लागि न्यूनतम योग्यता

- सूचना प्रकाशन भएको मिति भन्दा अगावै गुणस्तर प्रत्यायनकृत भईसकेको ।
- कम्तिमा आ.व. ०८३/८४ को अन्त्य (आषाढ मसान्त) सम्म प्रत्यायनको अवधि कायम रहेको ।
- आ.व. ०७९/८०, ०८०/८१, ०८१/८२ र ०८२/८३ मा गुणस्तर अभिवृद्धि कार्यक्रममा सहभागि भई केही सूचकहरुमा अनुदान प्राप्त गरेका तर हाल प्रत्यायनको अवधि समाप्त भइसकेको संस्थाको हकमा आवेदन दिने अन्तिम मितिसम्म पून: प्रत्यायनका लागि आयोगमा स्व-अध्ययन प्रतिवेदन पेश गरिसकेको हुनुपर्ने । यद्यपी उल्लेखित आर्थिक वर्षहरुमा आवेदन नदिएका संस्थाको हकमा यो व्यवस्था लागू हुने छैन ।
- विश्वविद्यालयका केन्द्रीय विभाग, स्कुल, आंगिक र सामुदायिक उच्च शैक्षिक संस्थाहरु ।

आवेदनका शर्तहरु

NEHEP को कार्यसञ्चालन निर्देशिका (Operations Manual), परिच्छेद ५.२ मा भएको व्यवस्था अनुसार आवेदन पेश गर्दा निम्न शर्तहरु पूरा गरेको हुनुपर्नेछ :

क) सामान्य शर्त

- स्नातकोत्तर तह समेत सञ्चालनमा रहेका संस्थाहरुले विषयगत विधाहरु मध्ये १ देखि ३ सम्मका प्रत्येक विधाबाट कम्तिमा २ वटा सहित समग्रमा न्यूनतम ६ वटा सूचकहरुमा दावी पेश गरेको हुनुपर्ने ।
- स्नातक तह मात्र सञ्चालनमा रहेका संस्थाहरुले विषयगत विधा दुई (२) बाट कम्तिमा एक (१०) वटा सहित समग्रमा न्यूनतम ६ वटा सूचकहरुमा दावी पेश गरेको हुनुपर्ने ।

ख) विशेष शर्त

विषयगत विधा ४ बाट समेत दावी पेश भएको खण्डमा त्यस्तो दावी शैक्षिक गुणस्तर सुनिश्चितता तथा प्रत्यायन परिषद् वा परिषद्ले तोकेको समितिबाट स्वीकृत भएमा मात्र मान्य हुनेछ। विधा ४ बमोजिमको दावी स्वीकृत भएको खण्डमा देहायका शर्तहरु समेत मान्य हुनेछ :

- स्नातकोत्तर तह सञ्चालनमा रहेका संस्थाहरुले विषयगत विधा २ बाट कम्तिमा १ वटा सहित न्यूनतम ५ वटा अन्य सूचकहरुमा अनिवार्य रुपमा दावी पेश गरेको हुनुपर्ने ।
- स्नातक तह मात्र सञ्चालनमा रहेका संस्थाहरुले न्यूनतम ५ वटा अन्य सूचकहरुमा अनिवार्य रुपमा दावी पेश गरेको हुनुपर्ने ।

थप जानकारीका लागि


शैक्षिक गुणस्तर सुनिश्चितता तथा प्रत्यायन परिषदको सचिवालय
विश्वविद्यालय अनुदान आयोग
सानोठिमी, भक्तपूर, नेपाल
इमेल : qaad@ugcnepal.edu.np, पोस्ट बक्स नम्बर: १०७९६ (काठमाडौं, नेपाल)
फोन : ०१-६६३८५४८ भक्तपूर/४९/५०/५१, फ्याक्स : ०१-६६३८५५२